# नेपालको संविधान र बाल अधिकार

नेपालको संविधान, २०७२ मा उल्लेखित बालअधिकारसँग
सम्बन्धित व्यवस्थाहरू


**लेखन तथा सम्पादन**

अधिवक्ता इन्दु तुलाधर

सहायक प्राध्यापक मिलन धरेल



**प्रकाशन**

कन्सोर्टियम, सिजप, राष्ट्रिय बाल संरक्षण सञ्जाल, एटविन,
सिनेट, नाओस र बाल अधिकार सन्धि अनुगमन समिति

**प्राविधिक सहयोग**

**हिमाल इन्नोभेटिभ डेभलपमेन्ट एन्ड रिसर्च, काठमाडौँ**

# १. परिचय

संविधान राष्ट्रको मूल कानुन हो । संविधानबाट राज्यका कानुन, नियम, कार्यक्रम तथा गतिविधिहरू निर्देशित हुन्छन् । अर्को अर्थमा संविधान राज्यका नागरिकहरूको साझा सहमतिको दस्तावेज हो, जहाँ नागरिकहरूले आफ्ना हक–अधिकार र राज्यको अख्तियारीको सिमाङ्कन गरेका हुन्छन् । संवैधानिक रूपमा अधिकारहरूको सुनिश्चितता गरिनाले व्यक्ति, समुदाय तथा समूहको राज्यसँगको प्रत्यक्ष सम्बन्ध स्थापित हुन्छ । बालबालिका राज्यका नागरिक हुन् । उनीहरूको राज्यसँग प्रत्यक्ष सम्बन्ध कायम रहेको हुन्छ । यो सवाललाई राजनीतिक रूपमा स्थापित गर्न कुनै पनि संविधानमा सुनिश्चित गरिएको बालबालिकाको अधिकार तथा ब्यवस्थाले संवैधानिक र कानुनी दुवै रूपमा अत्यन्त महत्वपूर्ण अर्थ राख्दछ । विशेषगरी बालबालिकाका अधिकार संवैधानिक रूपमा सुनिश्चित गर्नाले संविधान निर्माता तथा राजनीतिज्ञहरू बालबालिका र उनीहरूको अधिकारप्रति प्रतिबद्ध रहेको बुझाउँदछ र राज्यका अङ्गहरूलाई बालबालिकाप्रति जिम्मेवार एवं संवेदनशील रहन निर्देशित गर्दछ । खासगरी बालअधिकारको संवैधानिक सुनिश्चितताको अर्थ बालबालिकामा गरिने लगानी, उनीहरूको अधिकारको संरक्षण र सुनिश्चितताले सक्षम नागरिकको उत्पादन, सभ्य समाजको निर्माण, लोकतन्त्रको सुदृढिकरण र राष्ट्रिय विकासमा टेवा पुग्दछ भन्ने हो । साथै, संविधानमा बाल अधिकारको सुनिश्चित व्यवस्था यस मान्यतालाई राज्यले सर्वस्वीकृत गरेको संवैधानिक अभिब्यक्ति र




प्रतिबद्धता समेत हो । संविधानका प्रावधानहरूका आधारमा नै राज्यका अन्य नीति नियमहरू तर्जुमा हुने गर्दछन् अर्थात् संविधान नै अन्य कानुन, नीति नियमहरूको वैधानिक श्रोत हो । संविधान विपरीत हुने गरी निर्माण भएका र हुने कुनै पनि कानुन, नीतिनियम तथा कार्यपालिकीय निर्णयहरू मान्य हुँदैन । यो कि त स्वतः बदर हुन्छ अथवा सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्र प्रयोग गरी बदर गराउन सकिन्छ । साथै, कुनै ब्यक्तिको मौलिक हकको हनन् भएमा पनि सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्र प्रयोग गरी उपचार प्राप्त गर्न सकिन्छ ।

नेपालले विगत सात दसकको इतिहासमा ६ वटा संविधानको अभ्यास र अनुभव लिइसकेको छ । वि.सं. २०६२/६३ को जनआन्दोलनबाट आएको राजनीतिक ब्यवस्था र शासनप्रणालीको परिवर्तनपछि नेपाली जनताबाट निर्वाचित संविधानसभाबाट नेपालको संविधान निर्माण गर्ने करिब ८ वर्षको संविधान निर्माण प्रक्रियाको अनवरत प्रयास स्वरूप

दोस्रो पटक निर्वाचित संविधानसभा मार्फत नेपालको राजनीतिक परिदृश्यमा देखिएका उतारचढावलाई चिर्दै अन्ततः नेपालको संविधान, २०७२, नेपालको सातौँ संविधानको रूपमा विधिवत रूपले मिति २०७२ साल असोज ३ गते घोषणा भएको छ । यस संविधानलाई वस्तुनिष्ठ रूपमा हेर्ने हो भने यसले समावेशी, लोकतन्त्रात्मक, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको घोषणा गरेको छ (धारा ४) । यस संविधानको प्रस्तावनाले नै लोकतन्त्रका आधारभूत मान्यताहरू जस्तोः जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका तथा कानुनी राज्यको अवधारणाका आधारमा समृद्ध राष्ट्र निर्माण गर्ने विषयमा प्रतिबद्धता जाहेर गरेको छ । यसलाई  महत्वपूर्ण उपलब्धिका रूपमा लिन सकिन्छ ।

२०६४ साल चैत्र २८ मा भएको पहिलो संविधानसभाको निर्वाचनदेखि नै नेपाली बाल अधिकारका क्षेत्रमा क्रियाशील संघ-संस्था, सञ्जालहरू, नागरिक समाज, स्वयं बालबालिका तथा बाल अधिकारकर्मीहरू समेतको सहभागितामा नेपालको संविधानमा बाल अधिकारका आधार भूत पक्षहरूलाई सम्बोधन गराउन देशव्यापी अभियानहरू सञ्चालन भएका थियो । संविधानमा बाल अधिकारका सवालहरूको माग गरिरहँदा नेपाली नागरिक समाजले बाल अधिकारका निम्न सैद्धान्तिक मान्यताहरूलाई आधार मानेको थियो :

- बालबालिकाको पहिचान र स्वतन्त्र अस्तित्वको प्रत्याभूतिका निमित्त राज्यविहीनता विरूद्धको हक
- राज्यका हरेक कानुनी संरचना, नीति, कार्ययोजना र कार्यक्रमहरूमा बालबालिकाको सर्वोत्तम हितको सुनिश्चितता

- बालबालिकाको शारीरिक र मानसिक सम्पूर्णताको (इन्टिग्रिटी) सम्मान र संरक्षण एवं बालमैत्री न्यायको सुनिश्चितता
- बालबालिकाको आधारभूत आवश्यकता र विकासका अवसरहरूमा समान हकको सुनिश्चितता
- बालबालिकालाई स्वतन्त्रतापूर्वक आफ्नो विचार निर्माण गर्ने, अभिव्यक्त गर्ने र सङ्गठित हुन पाउने हकको सुनिश्चितता ।

उपर्युक्त मूलभूत मान्यताहरूका आधारमा बालबालिकाको अधिकारका निमित्त क्रियाशील सघंसंस्था, सञ्जाल, बाल अधिकारकर्मी तथा स्वयं बालबालिकाहरूले संयुक्त रूपमा पहिलो संविधानसभाको निर्वाचनदेखि नै नेपालको संविधानमा बालबालिकाको अधिकारको प्रत्याभूति गर्न माग गर्दै आएका थिए । पहिलो संविधानसभा संविधान जारी नहुँदै भङ्ग भएको भए तापनि संविधान लेखनका विभिन्न चरणमा नेपालीहरूको अधिकार स्थापित गर्नका निमित्त यसले महत्वपूर्ण योगदान गरेको थियो । विशेषगरी बालबालिकाको अधिकारलाई संविधानको मौलिक हकको रूपमा स्थापना गर्न यसले प्रशस्त आधारहरू तय गरेको थियो । २०७० मंसिर ४ गते सम्पन्न दोस्रो संविधानसभाको निर्वाचन पश्चात पनि बालबालिकाको अधिकारका निमित्त क्रियाशील सघंसंस्था, सञ्जाल, बाल अधिकारकर्मी तथा स्वयं बालबालिकाहरूले पहिलो संविधानसभामा भएका उपलब्धिहरूलाई निरन्तरता दिन, पहिलो संविधानसभाको मस्यौदाले समेट्न नसकेका बालअधिकारका छुटेका महत्वपूर्ण विषयहरूलाई समेट्न, साथै केही अवधारणागत त्रुटिहरूलाई सच्याउन निरन्तर ज्ञान, तर्क, विवेक र सिद्धान्तका आधारमा संविधान निर्माणको विभिन्न चरण र तहमा आफ्नो क्रियाशिलतालाई निरन्तरता दिँदै आएका थिए । एकोहोरो मागभन्दा पनि विवेकसम्मत रूपमा विकल्प र कारणसहित आफ्ना सवालहरूलाई यस अवधिमा स्थापित

गर्ने प्रयत्न भएको थियो । फलस्वरूप नेपालको संविधान, २०७२ ले बालबालिकाको सवालमा विगतका संविधानहरूभन्दा अझ प्रगतिशील र ब्यवस्थित रूपले बालबालिकाको अधिकारलाई सम्बोधन गर्ने प्रयत्न गरेको छ ।

नेपालको संविधान, २०७२ संविधानसभाबाट मिति २०७२ भदौ ३० गते पारित भई असोज १ गते संविधानसभाका अध्यक्षबाट प्रमाणिकरण भई मिति २०७२ असोज ३ गते नेपालका राष्ट्रपतिबाट औपचारिक रूपमा घोषणा भएको छ । उक्त संविधानको जम्मा ३५ भाग, ९ अनुसूची र ३०८ धारा रहेका छन् । उक्त संविधानको मौलिक हक, राज्यको नीति, नागरिकता, मानवअधिकार आयोग सम्बन्धी ब्यवस्थाहरू प्रत्यक्ष रूपमा बालबालिकाको अधिकारसित जोडिएका छन् ।

बालबालिका सम्बन्धी ब्यवस्थाले संवैधानिक रूपमा राज्यका हरेक कानुनी संरचना, नीति, कार्ययोजना र कार्यक्रमहरूमा बालबालिकाको सर्वोत्तम हितको सुनिश्चितता, बालबालिकाको शारीरिक र मानसिक सम्पूर्णता (इन्टिग्रिटी) को सम्मान र संरक्षण तथा बालमैत्री न्यायको सुनिश्चितता, बालबालिकाको आधारभूत आवश्यकता र विकासका अवसरहरूमा समान हकको सुनिश्चितता, बालबालिकालाई स्वतन्त्रतापूर्वक आफ्नो विचार निर्माण गर्ने, अभिब्यक्त गर्ने र संगठित हुन पाउने हकको सुनिश्चिता गरेको छ । साथै, यसले बालबालिकाको क्षेत्रमा राज्यको कार्यपालिकासँग सम्बन्धित संयन्त्रहरूले गरेका कामकार्वाहीको वार्षिक प्रतिवेदन राष्ट्रपति तथा प्रधानमन्त्री मार्फत जननिर्वाचित विधायिकी संसदमा पेश गर्ने ब्यवस्थालाई सुनिश्चित गरेर बालबालिका लगायत नेपाली नागरिकप्रति सरकारको उत्तरदायित्वलाई सुनिश्चित गरेको छ ।

# २. मौलिक हक तथा कर्तब्य अन्तर्गत बाल अधिकार र बालबालिका सम्बन्धी ब्यवस्था

नेपालको संवैधानिक विकास करिब ७० वर्षको अवधिमा नेपाली बालबालिकाको अधिकारको सम्बर्द्धन, सम्मान, संरक्षण, एवं परिपूर्ति सुनिश्चित गर्ने सवालमा परिस्कार र परिमार्जन हुँदै आएको देखिन्छ । बालबालिकालाई केवल परिवारको सम्पत्ति, अक्षम र अनागरिक समूह तथा कल्याणकारी विषयका रूपमा मात्र हेर्ने अवधारणाबाट फड्को मारेर बालबालिकालाई नागरिक हैसियत र अधिकारसम्पन्न बनाउने कार्यमा नेपालले संविधानतः केही उपलब्धि हासिल गरेको देख्न सकिन्छ । समग्रमा यी संविधानहरू राजनीतिक ब्यवस्था र प्रणाली परिवर्तनलाई संस्थागत गर्न महत्वपूर्ण त भए नै, साथै नेपाली बाल अधिकार अभियानहरूले उठाएका महत्वपूर्ण सवालहरूलाई लिपिबद्ध र संस्थागत गर्न पनि कुनै न कुनै रूपमा महत्वपूर्ण भएका छन् ।

नेपालको संविधान, २०७२ को भाग ३ मौलिक हक र कर्तब्यमा धारा १६ देखि ४८ सम्म गरी ३३ वटा धाराहरूमा मौलिक अधिकार र कर्तब्यको ब्यवस्था गरिएको छ । विगतका ६ वटा संविधानको तुलनामा नेपालको संविधान, २०७२ ले मौलिक अधिकारका सम्बन्धमा संख्यात्मक र गुणात्मक दुवै रूपमा महत्वपूर्ण प्रावधानहरूको ब्यवस्था गरेको छ । नागरिक, ब्यक्ति तथा विभिन्न समुदायको मौलिक अधिकारको संरक्षण

र प्रबर्द्धन गर्न यी ब्यवस्थाले महत्वपूर्ण योगदान पुऱ्याउने कुरामा विश्वास गर्न सकिन्छ ।

नयाँ संविधानमा मौलिक हक अन्तर्गत् सम्मानपूर्वक बाँच्न पाउने हक, स्वतन्त्रताको हक, समानताको हक, सञ्चारको हक, न्याय सम्बन्धी हक, अपराध पीडितको हक, यातना विरूद्धको हक, निवारक नजर बन्द विरूद्धको हक, छुवाछुत तथा भेदभाव विरूद्धको हक, सम्पत्तिको हक, धार्मिक स्वतन्त्रताको हक, सूचनाको हक, गोपनियताको हक, शोषण विरूद्धको हक जस्ता नागरिक एवं राजनैतिक अधिकारलाई ब्यवस्थित गरिएको छ । त्यसैगरी, सामाजिक सुरक्षा लगायतका आर्थिक, सांस्कृतिक एवं सामाजिक अधिकारहरू स्वच्छ वातावरणको हक, शिक्षा सम्बन्धी हक, भाषा तथा संस्कृति सम्बन्धी हक, रोजगारीको हक, श्रमको हक, स्वास्थ्य सम्बन्धी हक, खाद्य सम्बन्धी हक, आवासको हकको ब्यवस्था गरिएको छ । यिनलाई राज्यको आर्थिक एवं राजनैतिक क्षमताका आधारमा प्रगतिशील लगानीको मान्यता अनुरूप क्रमशः लागू गर्दै लैजाने अधिकारको श्रेणीमा विकसित गरिएको छ । महिलाको हक, बालबालिकाको हक, दलितको हक, ज्येष्ठ नागरिकको हकजस्ता निश्चित समूह र वर्गको हकलाई समेत यस संविधानमा सुनिश्चित गरिएको छ । यसका अतिरिक्त, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हक, उपभोक्ताको हक, देश निकाला विरूद्धको हकलाई पनि मौलिक हक अन्तर्गत् समेटिएको छ ।

उपर्युक्त सम्पूर्ण मौलिक अधिकारहरू बालबालिकाका निमित्त पनि उत्तिकै महत्वपूर्ण छन् । बालबालिकाको उमेर तथा परिपक्वताका आधारमा उनीहरूको विशेष अवस्थालाई सम्बोधन गर्न धारा ३९ मा बालबालिकाको हकलाई छुट्टै धाराको रूपमा ब्यवस्था गरिएको छ । बालबालिका र बाल अधिकारलाई प्रभावित गर्ने भाग ३ मौलिक हक

तथा कर्तब्य अन्तर्गत् ब्यवस्था गरिएका विभिन्न प्रावधानहरू निम्न रहेका छन् :

**धारा १८. समानताको हक**

(३) राज्यले जाति धर्म, लिंग, वर्ण, शारीरिक अपाङ्गता, वैवाहिक स्थिति, स्वास्थ्य, भाषा, क्षेत्र वा अन्य कुनै आधारमा भेदभाव गर्ने छैन। तर सामाजिक वा सांस्कृतिक दृष्टिले पछाडि पारिएका समूहका लागि विशेष ब्यवस्था गर्न सक्नेछ।

**धारा २०. न्याय सम्बन्धी हकको उपधारा १०**

असमर्थ पक्षलाई कानुन बमोजिम निःशुल्क कानुनी सहायता पाउने हक हुनेछ।

**धारा २१. अपराध पीडितको हक**

(१) अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने हक हुनेछ।

(२) अपराध पीडितलाई कानुन बमोजिम सामाजिक पुनर्स्थापना र क्षतिपूर्ति पाउने हक हुनेछ।

**धारा २९. शोषण विरूद्धको हक**

१. प्रत्येक व्यक्तिलाई शोषण विरूद्धको हक हुनेछ।

२. धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन।

३. मानिसलाई बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन। त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुनेछ।

४. कसैलाई पनि निजको इच्छा विरूद्ध काममा लगाउन पाइने छैन । तर यस उपधारामा उल्लिखित व्यवस्थाले सार्वजनिक प्रयोजनको लागि नागरिकलाई राज्यले अनिवार्य सेवामा लगाउन सक्ने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन ।

५. उपधारा (३) र (४) विपरितको कार्य कानुन बमोजिम दण्डनीय हुनेछ र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई पीडकबाट कानुन बमोजिम मनासिब क्षतिपूर्ति पाउने हक हुनेछ ।

**धारा ३१. शिक्षा सम्बन्धी हक**

१. प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।

२. प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुनेछ ।

३. अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा प्राप्त गर्ने हक हुनेछ ।

४. दृष्टिविहीन व्यक्तिलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका व्यक्तिलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।

५. नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृभाषामा माध्यमिक तहसम्म शिक्षा प्राप्त गर्न र कानुन बमोजिम विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

**धारा ३५. स्वास्थ्य सम्बन्धी हक**

१. प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ । कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन ।

२. प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ ।

३. प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ ।

४. प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ ।

**धारा ३८. महिलाको हक**

(५) महिलालाई शिक्षा स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा जस्तो सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक ।

**धारा ३९. बालबालिकाको हक**

१. प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ ।

२. प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन–पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा व्यक्तित्व विकासको हक हुनेछ ।

३. प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बालसहभागिताको हक हुनेछ ।

४. कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।

५. कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।

६. कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनको नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक,

मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने  छैन ।

७. कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन ।

८. प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ ।

९. असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबाालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।

१०. उपधारा (४), (५), (६) र (७) विपरीत कार्य कानुन बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

**धारा ४०. दलितको हक**

दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानुन बमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको ब्यवस्था गरिनेछ । प्राविधिक र ब्यवसायिक उच्च शिक्षामा दलितका लागि कानुन बमोजिम विशेष ब्यवस्था गरिनेछ ।

**धारा ४२ (२). सामाजिक न्यायको हक**

आर्थिक रूपले विपन्न र लोपोन्मुख समुदायलाई शिक्षामा विशेष अवसर ।

**धारा ४३. सामाजिक सुरक्षाको हक**

आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न

नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ ।

## नागरिकको कर्तब्य र बाल अधिकार

संविधानको भाग ३ को मौलिक हक तथा कर्तब्यको धारा ४८ ले नागरिकका कर्तब्यको बारेमा ब्यवस्था गरेको छ । नागरिकको कर्तब्यका बारेमा संवैधानिक रूपमा नै ब्यवस्था गर्नाले नागरिकहरू अन्य नागरिकका अधिकारहरूप्रति जिम्मेवार र संवेदनशील हुन र राज्यब्यवस्थाप्रति जिम्मेवार रहन प्रेरित गर्दछ । यस अर्थमा नागरिक कर्तब्यहरूका बारेमा संवैधानिक रूपमै ब्यवस्था हुँदा नेपाली नागरिक रहेका वयस्क तथा अविभावकहरू बालबालिका र बाल अधिकारको सम्मान गर्न र जिम्मेवारीपूर्वक ब्यवहार गर्न जिम्मेवार रहन्छन् । नेपालको संविधान, २०७२ मा नागरिकको देहाय बमोजिमका कर्तब्य रहने ब्यवस्था गरिएको छ :

- राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु
- संविधान र कानुनको पालना गर्नु
- राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु
- सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु ।

## मौलिक हकको कार्यान्वयन

मौलिक हकको कार्यान्वयन कसरी गर्ने भन्ने सम्बन्धमा नयाँ संविधानको धारा ४६ र धारा ४७ ले ब्यवस्था गरेको छ । धारा ४६ ले संवैधानिक उपचारको हक अर्न्तगत मौलिक हक सम्बन्धी ब्यवस्था प्रचलनका निमित्त धारा १३३ वा धारा १४४ मा लेखिए बमोजिम संवैधानिक

उपचार पाउने हकलाई प्रत्याभूत गरेको छ । उक्त ब्यवस्था अनुसार निम्न अवस्थामा मौलिक हकको प्रचलनका निमित्त वा विवाद टुङ्गो लगाउनका निमित्त सर्वोच्च अदालत तथा उच्च अदालतलाई असाधारण अधिकारक्षेत्र प्रदान गरिएको छ :

- संविधानद्वारा प्रदान गरिएका मौलिक हकको हनन् भएमा कानुनमा ब्यवस्था भएमा सोही बमोजिम, र
- अन्य ब्यवस्था नभएको वा अर्को उपचारको ब्यवस्था भए पनि त्यस्तो उपचारको ब्यवस्था अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानुनी हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवाद समावेश भएको कुनै संवैधानिक वा कानुनी प्रश्नको निरूपण गर्नु परेमा ।

उपर्युक्त अवस्थामा संवैधानिक र कानुनी प्रश्नको निरूपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने, उचित उपचार प्रदान गर्ने, त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुङ्गो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ । असाधारण अधिकार क्षेत्र अन्तर्गत् सर्वोच्च अदालतले बन्दी प्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत अन्य उपयुक्त आदेश जारी गर्ने अधिकार राख्दछ ।

मौलिक अधिकार र यसको कार्यान्वयनलाई प्रभावकारी बनाउन मौलिक अधिकारको आधुनिक विकास तथा अन्तर्राष्ट्रिय मानवअधिकारको क्षेत्रमा भएका अवधारणात्मक विकासलाई बुझ्न जरूरी हुन्छ । दोस्रो विश्वयुद्ध पश्चातको अन्तर्राष्ट्रिय कानुनको विकासलाई हेर्दा राष्ट्रसंघको वडापत्रले महिला र पुरूषबीचमा कुनै भेदभाव नगरी प्रत्येक ब्यक्तिको सम्मान र ब्यक्तित्वको आधारशिलाको रूपमा मानव अधिकारलाई संस्थापित गरायो । मानव अधिकारका  विश्वब्यापी घोषणापत्रसँगसँगै

मौलाएको मानव अधिकारको यो अवधारणालाई तीन तहमा विकसित गरियो ।

अधिकारकर्मीहरूको वृत्तमा सबै मानव अधिकार समान र तत्काल लागु गर्नुपर्ने अवधारणात्मक बुझाई विकसित भइरहेको भए तापनि सैद्धान्तिक रूपमा संविदाहरू हेर्दा निम्न बमोजिमका तीन विभिन्न प्रणालीमा मानव अधिकारलाई निसृत गरिएको पाइन्छ । नागरिक एवं राजनैतिक अधिकारलाई पहिलो एवं आधारभूत अधिकारको रूपमा ब्यवस्थित गर्दै यस्ता अधिकारहरू तत्कालै अर्थात् मान्यता दिएकै मितिबाट लागू हुने प्रणाली बसाइएको छ । सामाजिक सुरक्षा लगायतका आर्थिक एवं सामाजिक अधिकारलाई राज्यको आर्थिक एवं राजनैतिक क्षमताका आधारमा क्रमशः लागू गर्दै लैजाने अधिकारको श्रेणीमा विकसित गरिएको छ । यस अनुसार यस्ता अधिकारहरू प्रगतिशील र निरन्तर विकास गरिनुपर्ने भएका कारणले राज्यले कानुन बनाएर क्रमशः लागू गर्दै जान सक्दछ ।

सामान्यतया अधिकारको चरित्र वैयक्तिक हुन्छ अर्थात् ब्यक्तिगत हैसियतमा अधिकार र कर्तब्यको उपयोग र उत्तरदायित्व वहन गर्नु पर्दछ । तर सांस्कृतिक अधिकारहरूलाई ब्यक्तिगत दायराबाट मात्रै निसृत गर्दा प्रभावकारी नहुने भएकाले यस्ता अधिकारलाई तेस्रो प्रणालीमा विकसित गरिएको छ । यस्ता अधिकारहरू ब्यक्ति तथा समुदाय दुवैले उपयोग गर्न सक्दछन् र दुवैले कर्तब्य समेत वहन गर्नुपर्ने हुन्छ । त्यसरी नै विभिन्न समुदायहरूबीचको आपसी सम्बन्धमा खलल नपुगोस् समेत भनेर यस्ता अधिकारलाई कन्टिन्जेन्ट अर्थात् राज्यको आर्थिक र राजनैतिक क्षमताका आधारमा क्रमशः लागू गर्दै जाने प्रणालीमा आबद्ध गरिएको पाइन्छ । नेपालको संविधान, २०७२ ले यस अवधारणालाई आत्मसात गरेको देखिन्छ । उदाहरणका लागि, कतिपय मौलिक अधिकारहरू जस्तो : क्षतिपूर्तिको हक कानुन

बमोजिम हुने, धारा ३० को स्वच्छ वातावरणको हकको उपधारा २, धारा ३१ को शिक्षा सम्बन्धी हकको उपधारा ३, ४ र ५, धारा ३६ को खाद्य सम्बन्धी हकको उपधारा ३, धारा ३७ आवासको हक, धारा ३८ महिलाको हकको उपधारा (३), ३९ बालबालिकाको हकको उपधारा (१०), धारा ४० को दलितको हकको उपधारा ५ र ६, धारा ४२ सामाजिक न्यायको हकको उपधारा ५, धारा ४३ को सामाजिक सुरक्षाको हक र धारा ४४ को उपभोक्ताको हकको उपधारा २ लाई लिन सकिन्छ ।

नयाँ संविधानमा ब्यवस्थित मौलिक हकलाई त्यसकारण, तीन श्रेणीमा विभाजित गरेर ब्याख्या गर्न सकिन्छ ।

- पहिलो एवं आधारभूत अधिकारको रूपमा नागरिक एवं राजनैतिक अधिकार जुन अधिकारहरू तत्कालै अर्थात् मान्यता दिएकै मितिबाट लागु हुने ।
- सामाजिक सुरक्षा लगायतका आर्थिक एवं सामाजिक अधिकारलाई राज्यको आर्थिक एवं राजनैतिक क्षमताका आधारमा प्रगतिशील र निरन्तर रूपले क्रमशः लागु गर्दै लैजाने अधिकार । तर, यस्ता अधिकारको सन्दर्भमा राज्यले न्यूनतम मापदण्ड र ब्यवस्थाहरू भने तत्कालै पूरा गर्नु पर्दछ ।
- ब्यक्तिगत दायराबाट मात्रै निसृत गर्दा प्रभावकारी नहुने सांस्कृतिक तथा समूहका अधिकारहरू । यी अधिकारहरू ब्यक्ति तथा समुदाय दुवैले उपयोग गर्न सक्दछन् र दुवैले कर्तब्य समेत वहन गर्नुपर्ने हुन्छ । त्यसरी नै विभिन्न समुदायहरूबीचको आपसी सम्बन्धमा खलल नपुगोस् भनेर यस्ता अधिकारलाई कन्टिन्जेन्ट अर्थात् राज्यको आर्थिक र राजनैतिक क्षमताका आधारमा क्रमशः लागू गर्दै जाने प्रणालीमा आबद्ध गरिएको पाइन्छ ।

मौलिक अधिकारलाई माथि तीन प्रकारमा विभाजित गरेता पनि यसको कार्यान्वयनको प्रकृति अनुसार भने यिनलाई दुई प्रकारमा विभाजन गरेर हेर्न सकिन्छ : तत्काल लागू हुने नन् कन्टिन्जेन्ट राईट्स र कानुन बनाएर लागु गर्ने कन्टिन्जेन्ट राइट्स ।

तर संविधानको धारा ४७ ले प्रदान गरेका मौलिक हकहरूको कार्यान्वयनका लागि आवश्यकता अनुसार राज्यले यो संविधान प्रारम्भ भएको तीन वर्षभित्र कानुनी ब्यवस्था गर्नेछ भन्ने ब्यवस्थाले नागरिक एवं राजनैतिक चरित्रका मौलिक अधिकारलाई समेत संविधान लागू भएको तीन वर्षभित्र कानुन बनाएर लागू गरिने अर्थात् कन्टिन्जेन्ट श्रेणीमै रहने ब्यवस्था गरेको जस्तो देखिन्छ । माथि उल्लेख गरिएभैै मानव एवं मौलिक अधिकारको तीन चरणको विकास र तिनका चरित्रबीच रहेको आधारभूत भिन्नतालाई यस ब्यवस्थाले आत्मसात गर्न नसकेको प्रतीत हुन्छ । त्यसैले धारा ४७ लाई अवधारणागत रूपमा स्पष्ट हुने गरी परिमार्जन गर्न आवश्यक छ । यसका अतिरिक्त मौलिक हकका सम्बन्धमा विभिन्न तह र तप्काका ब्यक्ति र समूहले गरेको टिक्का टिप्पणी र आफ्नो अधिकार सुनिश्चित नभएको भनी अभिव्यक्त भइरहेको कुरालाई सम्बोधन गर्न पनि मौलिक हकका माथि उल्लिखित विकासक्रम र अवधारणा बारे प्रष्ट पार्न आवश्यक देखिन्छ ।

# ३. राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत बालबालिका र बाल अधिकार सम्बन्धी ब्यवस्था

राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वसम्बन्धी ब्यबस्थाले राज्यका नीति नियम, योजना तथा कार्यक्रम एवं संरचनाहरूले अपनाउनुपर्ने आधारभूत मान्यताहरूको बारेमा ब्यवस्था गर्दछ र त्यसअनुरूप कार्यहरू गर्न मार्गनिर्देश गर्दछ । यद्यपि राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वलाई अदालतमा प्रश्न उठाउन पाइँदैन, तर सँगसँगै राज्यका नीति नियम र संयन्त्रहरूले त्यसका विपरित गएर कार्य गर्न पनि पाइँदैन । त्यस अर्थमा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व सम्बन्धी ब्यवस्थाहरूले नागरिकहरूको जीवनमा महत्वपूर्ण प्रभाव पार्दछन् । नेपालको संविधान, २०७२ को भाग ४ मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व सम्बन्धी ब्यवस्थाहरू गरिएको छ, जसमध्ये बालबालिका र बाल अधिकारसँग सम्बन्ध राख्ने निम्न ब्यवस्थाहरू रहेका छन् :

**धारा ५१ : राज्यका नीतिहरू**

५१ (ज) नागरिकका आधारभूत आवश्यकता सम्बन्धि नीति

१. शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, व्यवहारिक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने,

२. शिक्षा क्षेत्रमा राज्यको लगानी अभिबृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने,

३. उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने,

४. नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने,

५. नागरिकलाई स्वस्थ बनाउन राज्यले जनस्वास्थ्यको क्षेत्रमा आवश्यक लगानी अभिबृद्धि गर्दै जाने,

६. गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सरल र समान पहुँच सुनिश्चित गर्ने,

७. नेपालको परम्परागत चिकित्सा पद्धतिको रूपमा रहेको आयुर्वेदिक, प्राकतिक चिकित्सा र होमियोप्याथिक लगायत स्वास्थ्य पद्धतिको संरक्षण र प्रवर्द्धन गर्ने,

८. स्वास्थ्य क्षेत्रमा राज्यले लगानी अभिबृद्धि गर्दै यस क्षेत्रमा भएको निजी लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने,

९. स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउन स्वास्थ्य अनुसन्धानमा जोड दिँदै स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको संख्या अभिबृद्धि गर्दै जाने,

१०. नेपालको क्षमता र आवश्यकताका आधारमा जनसंख्या व्यवस्थापनका लागि परिवार नियोजनलाई प्रोत्साहित गर्दै मातृ शिशु मृत्युदर घटाई औसत आयु बढाउने,

११. अब्यवस्थित बसोवासलाई ब्यवस्थापन गर्ने तथा योजनाबद्ध र ब्यवस्थित बस्ती विकास गर्ने ।

१२. कृषि क्षेत्रमा लगानी अभिबृद्धि गर्दै खाद्य सम्प्रभूताको मान्यता अनुरूप जलवायु र माटो अनुकूलको खाद्यान्न उत्पादनलाई

प्रोत्साहन गरी खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा र सुलभ तथा प्रभावकारी वितरणको ब्यवस्था गर्ने,

१३. आधारभूत वस्तु तथा सेवामा सबै नागरिकहरूको समान पहुँच सुनिश्चित गर्दै दुर्गम र पछाडि पारिएको क्षेत्रलाई विशेष प्राथमिकता दिई योजनाबद्ध आपूर्तिको ब्यवस्था गर्ने,

१४. यातायात सुविधामा नागरिकहरूको सरल, सहज र समान पहुँच सुनिश्चित गर्दै यातायात क्षेत्रमा लगानी अभिबृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिंदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित र अपाङ्ग अनुकूल बनाउने,

१५. नागरिकलाई स्वास्थ्य बीमा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था मिलाउने ।

**धारा ५१ : (झ) श्रम र रोजगार सम्बन्धी नीति**

(३) बालश्रम लगायत श्रम शोषणका सबै रूपहरूको अन्त्य गर्ने,

**धारा ५१ : (ञ) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति**

(४) बालबच्चाको पालनपोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रूपमा मूल्याङ्कन गर्ने,

५. बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने,

१२. सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने ।

**धारा ५६ : राज्यको दायित्व**

नेपालको सार्वभौमसत्ता, राष्ट्रिय स्वाधीनता र अखण्डता अक्षुण्ण राख्दै मौलिक हक तथा मानवअधिकारको संरक्षण र सम्बर्द्धन गर्ने, राज्यका

निर्देशक सिद्धान्तहरूको अनुसरण गर्ने तथा राज्यका नीतिहरूको क्रमशः कार्यान्वयन गर्दै जाने राज्यको दायित्व हुनेछ ।

### धारा ५३ : प्रतिवेदन पेश गर्ने

यस भागमा उल्लिखित राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व कार्यान्वयन गर्न नेपाल सरकारले गरेका काम र प्राप्त उपलब्धि सहितको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ । राष्ट्रपतिले त्यस्तो प्रतिवेदन प्रधानमन्त्री मार्फत संघीय संसद समक्ष पेश गर्ने व्यवस्था गर्नेछ ।

### धारा ५४ : अनुगमन सम्बन्धी व्यवस्था

यस भागमा उल्लिखित राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको प्रगतिशील कार्यान्वयन भए नभएको अनुगमन र मूल्याङ्कन गर्न संघीय संसदमा कानुन बमोजिम एक समिति रहनेछ ।

### राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्वको कार्यान्वयन

संविधानको भाग ४ मा राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्वको कार्यान्वयनको ब्यवस्था गरेको छ । राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व राज्य सञ्चालनको मार्ग निर्देशनका रूपमा रहनेछ । राज्यले यस भागमा उल्लिखित सिद्धान्त, नीति तथा दायित्व कार्यान्वयन गर्न आवश्यकता अनुसार श्रोत, साधन परिचालन गर्ने गराउनुपर्नेछ । यस भागमा ब्यवस्थित गरिएका वा लेखिएका कुनै विषय कार्यान्वयन भए वा नभएको सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन पाईँदैन (धारा ५५) । नेपालको संविधानको धारा ५५ ले अझै पनि राज्यका निर्देशक सिद्धान्त र नीतिलाई परम्परागत रूपमै निरन्तरता दिन खोजेको आभास दिन्छ । लोकतान्त्रिक आधुनिक राज्यलाई यस प्रकारको छुट हुँदैन । त्यसकारण नयाँ संविधानको उक्त धारा अग्रगामी प्रकृतिको छैन । तसर्थ संविधान संशोधनको आगामी प्रक्रियामा यसलाई संशोधन गर्न आवश्यक छ ।

## ४. नेपालको नयाँ संविधान र बालबालिकामा लगानी

राज्यले बालबालिकामा किन लगानी गर्नुपर्छ भन्ने विषयमा कम्तिमा तीनवटा महत्वपूर्ण तर्कहरू रहेका छन् : अधिकारमा आधारित विचार, आर्थिक दृष्टिकोण र राजनीतिक तथा सामाजिक दृष्टिकोण । अधिकारमा आधारित विचार वा मान्यता मुख्यतया संयुक्त राष्ट्रसंघीय बाल अधिकार सम्बन्धी महासन्धिको धारा ४ मा आधारित रहेको छ । महासन्धिलाई अनुमोदन गर्ने मुलुकहरूले यसको मापदण्डलाई आत्मसात गर्दै स्थानीय स्तरमा उपलब्ध स्रोत र साधनको हदैसम्म उपयोग गरी आवश्यक परेको खण्डमा अन्तर्राष्ट्रिय सहयोगको संरचनाभित्र रही बालबालिकाको सामाजिक तथा आर्थिक अधिकारको परिपूर्ति गर्नु पर्दछ भन्ने रहेको छ ।

आर्थिक विचारसँग सम्बन्धित मान्यताले बाल अधिकार सम्बन्धी महासन्धि अनुमोदन गर्ने मुलुकहरूले महासन्धिमा ब्यवस्था गरिएको अधिकार ब्यवहारमा सुनिश्चित गर्न गर्नुपर्ने कार्यसम्पादनको लागि राष्ट्रको मानवपूँजीमा लगानी गर्नुपर्ने आवश्यकतालाई औंल्याउँदछ ।

राजनीतिक तथा सामाजिक विचारले अपर्याप्त सामाजिक लगानी, असमानताको उच्च दर तथा चरम गरीबीले कसरी सामाजिक संगति वा सद्भावलाई कमजोर तुल्याउँछ भन्ने विषयको व्याख्या

गर्दछ। विशेषगरी बालमैत्री नीति तथा कार्यक्रमहरूमा गरिने लगानीले विश्वव्यापी मानक अनुसारको गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा, पोषण, खानेपानी तथा सरसफाइको बृद्धि गर्ने किसिमका क्रियाकलापहरूलाई प्रोत्साहित तथा विस्तारित गर्दछ। सामाजिक क्षेत्रमा गरिने लगानीको मूल उद्देश्य भनेको व्यक्तिहरूको उत्पादनशील क्षमतालाई बढाउनु हो। यसले उपलब्ध अवसरलाई फराकिलो पार्दै उनीहरूको उत्पादनशील क्षमता र आम्दानीको सम्भावनामा बृद्धि ल्याउँछ जसले अन्ततः उनीहरूको (जीवन) स्तरमा सुधार ल्याउँछ (बेकर, १९९३, मार्कस समेत, २०११)। यस अर्थमा यहाँ सामाजिक र आर्थिक नीतिहरू महत्वपूर्ण रूपले परिपूरक छन् जहाँ सामाजिक लगानीले विकास तथा उत्पानदशीलतालाई सहयोग गर्दछ। शिक्षित, योग्य तथा स्वस्थ कामदारहरूले आर्थिक बृद्धिमा उचित योगदान दिन सक्तछन् जब उनीहरूले तीव्र रूपले परिवर्तन भइरहेको आर्थिक वातावरणले मागेको शीप तथा ज्ञानलाई आत्मसात गर्दछन्। वाल्यावस्थामा विकसित क्षमताले युवावस्थामा आउने परिणामलाई महत्वपूर्ण योगदान दिन्छ। त्यसैले वाल्यावस्थामा गरिएको लगानीले सुसज्जित जनशक्तिबाट उच्चतम आर्थिक प्रतिफल प्राप्त हुन सक्दछ। साथै, यसले वेरोजगारी र विरामीपनबाट उत्पन्न हुने सामाजिक लगानीलाई कम गर्दछ जसको फलस्वरूप उच्चतम सामाजिक प्रतिफल प्राप्त हुन्छ (विश्व वैंक, २०१०)। अपर्याप्त सामाजिक लगानी, असमानताको उच्च दर र चरम गरीबीले लोकतन्त्रको विकास तथा सुदृढीकरणमा बाधा पुऱ्याई सामाजिक सङ्गति तथा सद्भावनामा खलल पुऱ्याउँछ। सामाजिक बञ्चितिले लोकतान्त्रिक जीवनको अत्यावश्यक मूल्यको रूपमा रहेका सहभागिता र एकतामा कमी ल्याउँछ। अर्कोतिर, सामाजिक लगानी र दीर्घकालीन मानव विकासले जनसंख्याको ठूलो हिस्साको लागि अवसरको दायरा फराकिलो बनाउँछ जसले सामाजिक गतिशीलता र स्थिर सामाजिक एकताको प्रक्रिया सिर्जना हुने माध्यमलाई खुला गर्दछ (मार्कस

समेत, २०११) । विशेष रूपले भन्ने हो भने आफ्ना बालबालिकाको सुरक्षा तथा हेरचाहका लागि कानुनी रूपमा प्रतिबद्ध र उत्तरदायी हुने समाजले सबै नागरिकलाई असल शासनको प्रत्याभूति गर्न सक्तछ, जसको फलस्वरूप सामाजिक एकताको सुदृढिकरण र समताको बृद्धि गर्न मद्दत गर्दछ ।

नेपाल संयुक्त राष्ट्रसंघीय बाल अधिकार सम्बन्धी महासन्धिलाई अनुमोदन गरेका राष्ट्रहरूमध्ये भएकोले नेपालले यस महासन्धिमा ब्यवस्था भएका बालबालिकाको अधिकार सुनिश्चित गर्न आफ्नो देशमा उपलब्ध स्रोतसाधनको अधिकतम उपयोग गरी बालबालिकाको अधिकारको पूर्तिका लागि प्रमुख उत्तरदायीपूर्ण भूमिका निर्वाह गर्ने प्रतिबद्धता ब्यक्त गरेको छ ।

यसलाई राष्ट्रिय कानुनद्वारा ब्यवस्थित गर्न नेपालको नयाँ संविधानको मौलिक हक लगायत राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व सम्बन्धी ब्यवस्थाले प्रशस्त मार्गदर्शन दिएको छ ।

नेपालले आफूले गरेको अन्तर्राष्ट्रिय तथा संवैधानिक प्रतिबद्धता अनुरूप बालबालिकाको अधिकार सुनिश्चित गर्न आवश्यकता अनुसार स्रोत र साधनको परिचालन गर्ने ब्यवस्था संविधानमै उल्लेख गरेको छ । अतः आवश्यक परेको खण्डमा अन्तर्राष्ट्रिय सहयोगको परिचालनबाट समेत आवश्यक श्रोत र साधनहरू परिचालन गर्न सक्नेछ । नेपालले बालअधिकार परिपूर्तिका निमित्त संविधानतः आफ्नो जिम्मेवारीलाई निर्वाह गर्ने प्रतिबद्धता ब्यक्त गरिसकेको अवस्थामा यी अधिकारहरू वास्तविक रूपमा उपभोग गर्न सक्ने वातावरण सृजना गर्न सक्षम र सबल वातावरण निर्माण गर्ने जिम्मेवार र उत्तरदायीपूर्ण भूमिका पनि निर्वाह गर्नुपर्ने हुन्छ ।

यसका निमित्त निम्नलिखित कार्यहरू आगामी दिनका निमित्त महत्वपूर्ण हुनेछन् :

१. बाल अधिकारको राष्ट्रिय तथा स्थानीय अवस्थाको उचित विश्लेषण गरी स्थानीय आवश्यकता र अवस्था हेरी, सो अवस्थालाई सम्बोधन गर्न बाल अधिकारको परिपूर्तिमा आधारित बालमैत्री नीति तथा कार्ययोजना मार्फत यसको उच्चतम बृद्धि गर्न सकिन्छ । अतः मौलिक हकको प्रभावकारी कार्यान्वयनका निमित्त राज्यले संविधान अधिनस्थ रही निम्न बमोजिम ऐन, नियम, नीति तथा कार्ययोजनाहरू बनाउन आवश्यक देखिन्छ ।

२. यी प्रावधानहरू लागू गर्न भविष्यमा कस्तो ढाँचा अवलम्बन गरिन्छ अर्थात् बजार, ब्यक्ति र राज्यको दायित्वलाई कसरी समायोजन गर्ने भन्ने बारेमा स्पष्ट हुने र त्यस अनुरूप वित्तीय नीति, सामाजिक सुरक्षा सम्बन्धी ब्यवस्थाहरूलाई सुनिश्चित गर्ने ।

३. असल विधिको शासन अर्थात् संविधान तथा कानुनको सर्वोच्चतालाई सर्वोपरि मान्ने संस्कृतिलाई जीवन पद्धतिको आधार बनाउने ।

४. संविधान गतिशील र प्रगतिशील दस्तावेज भएको कारणले यसलाई सृजनात्मक ढङ्गले प्रयोग गर्न कानुन ब्याख्या गर्ने निकाय न्यायपालिकाले मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूलाई आधार लिने, अन्य मुलुकमा भएका प्रगतिशील अभ्यासहरूलाई समयसापेक्ष ग्रहण गर्ने र संविधान तथा कानुनको ब्याख्या गर्दा यसलाई आधार मान्ने अभ्यासलाई गतिशीलता दिँदै सो अनुरूपको न्यायपालिकीय संस्कृतिको विकास गर्ने ।

५. कुनै पनि समस्या समाधानका विभिन्न विकल्प र उपायहरू हुने भएका कारण नागरिक समाज र अधिकारकर्मीहरूले पनि जिम्मेवार रूपले उचित विकल्प सहितका उपायहरू सुझाउने र सरकारसँग सृजनात्मक रूपमा सहकार्य गर्ने ।

# ५. बालअधिकारका दृष्टिले नेपालको संविधान, २०७२ मा रहेका सरोकारहरू

नेपालको नयाँ संविधान, २०७२ बाल अधिकारका दृष्टिले अत्यन्त महत्वपूर्ण र उपलब्धिमूलक रहेको छ । तथापि बाल अधिकारको सम्मान, संरक्षण र परिपूर्तिका दृष्टिकोणले यस संविधानमा अझै केही विषयहरू छन् जसलाई स्पष्ट गर्न, परिमार्जन र संशोधन गर्न जरूरी देखिन्छ । तीमध्ये केही महत्वपूर्ण विषयहरू निम्न बमोजिम छन् :

**धारा १८. समानताको हक**

प्रस्तुत प्रावधानले कुनै पनि नागरिक विरूद्ध भेदभाव नगरिने ब्यवस्था गरेको छ । यस ब्यवस्थाले आफ्नो ब्यक्तिगत अवस्था र पहिचानका आधारमा बालबालिकाहरूको विभेद हुने विषयलाई निषेध गर्दछ । तर बालबालिकाहरूप्रति हुने भदभावका अभ्यासहरू वयस्कहरूको तुलनामा भिन्न रहेका छन् । विशेषतः बालबालिकाहरू आफ्नो ब्यक्तिगत अवस्थाका साथै आमा, बाबु वा कानुनतः अधिकार प्राप्त अभिभावकको विभिन्न हैसियतका आधारमा पनि भेदभावको शिकार हुने गर्दछन् । यस विषयलाई बालअधिकार सम्बन्धी महासन्धिको धारा २ मा पनि उल्लेख गरिएको छ । यस अधिकार बिना बालबालिकाहरूका लागि प्रत्याभूत गरिएका अन्य अधिकारलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिँदैन । तसर्थ संविधानको परिमार्जन वा संविधानसम्मत

बालबालिका सम्बन्धीी ऐन निर्माणका क्रममा यस प्रकारका विभेदलाई छुट्टै धारा वा दफामा स्पष्ट रूपले उल्लेख गर्नु पर्दछ । यस विषयलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ : बालबालिकालाई निजको आमा, बाबु, कानुनतः अधिकार प्राप्त अभिभावक तथा संरक्षकको धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, आर्थिक अवस्था, उत्पत्ति, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।"

**धारा ३९. बालबालिकाको हक**

प्रस्तुत प्रावधानमा विभिन्न १० उपधाराहरूमा विशिष्ट ढङ्गले बालबालिकाका विविध हकहरूको उल्लेख गरिएको छ ।

उपधारा १० मा उल्लेख भएको क्षतिपूर्ति सम्बन्धी ब्यवस्थाले बालबालिकाले आफू विरूद्ध भएको अपराधमा पीडकबाट क्षतिपूर्ति पाउने ब्यवस्था गरी, फरार, आर्थिक रूपले दिवालिया वा पीडक भएमा वा पीडकबाट क्षतिपूर्ति भराउन सक्ने अवस्था नरहेमा नेपालको संविधान, २०७२ को धारा २१ (२) को अपराध पीडितको हकसँग बाभिन पुग्दछ । तसर्थ उपधारा १० लाई संशोधन गरी वा बाल अधिकार ऐन परिमार्जनका क्रममा यस विषयलाई अधिकारमुखी ढङ्गले सम्बोधन गरिनुपर्दछ । यस विषयलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ : संशोधनका लागि "उपधारा (४), (५), (६) र (७) विपरीत कार्य कानुन बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । यदि पीडक क्षतिपूर्ति दिन सक्ने अवस्थामा नरहेमा त्यस्तो स्थितिमा बालबालिकाले राज्यबाट उचित क्षतिपूर्ति, संरक्षण, पुनर्स्थापना र परिपुरणको हक हुनेछ ।"

नेपाली बालबालिकाहरूले भोग्नु परिरहेको अर्को प्रमुख समस्या भनेको विद्यालय तथा बालबालिकाहरूको राजनीतिक दुरूपयोग हो । विभिन्न

राजनीतिक आन्दोलन तथा दलीय गतिविधिहरूमा बालबालिकाहरूलाई प्रयोग गर्ने र विद्यालयमा अवाञ्छित दलगत राजनीतिक गतिविधि गर्ने अभ्यासले बालबालिकाको शिक्षा, संरक्षण, स्वतन्त्रता र सहभागिताको अधिकार तथा सर्वोत्तम हितको सिद्धान्तलाई उल्लंघन गर्दछ । वर्तमान संविधानले बालबालिकाको यस संवेदनशील विषयलाई सम्बोधन र उल्लेख नगरेको हुँदा संविधान परिमार्जन वा ऐन नियम निर्माणका क्रममा विद्यालय राजनीतिक हस्तक्षेपबाट मुक्त रहन आवश्यक हुन्छ । साथै, यस्ता कार्यहरूमा बालबालिकाको राजनीतिक दुरूपयोग हुनबाट रोक्ने ब्यवस्था समेत संविधान वा ऐन, नियममा उल्लेख गर्न जरूरी हुन्छ । यस विषयलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः "राजनीतिक विभेद, हिंसा, हस्तक्षेप एवं परिचालनबाट बालबालबालिका र विद्यालय तथा बालबालिकाका लागि सेवा प्रदायक निकायहरू सुरक्षित र स्वतन्त्र रहन पाउने हक हुनेछ ।"

यस बाहेक पनि यस अधिकार अन्तर्गत उपधारा ७ मा यातना मात्र उल्लेख भएकोमा बालबालिकाविरूद्ध हुने सबै खाले शारीरिक दण्ड सजायका अभ्यासहरूलाई पनि निषेध गरिनु पर्दछ । त्यस्तै, उपधारा ९ मा विशेष संरक्षणको अवसरका लागि बेचबिखन तथा हिंसा प्रभावित बालबालिकाहरू पनि उल्लेख हुनुपर्ने देखिन्छ ।

यसका साथै मौलिक हकको कार्यान्वयनका सन्दर्भमा पनि केही अस्पष्टताहरू रहेका छन् । उक्त अस्पष्टताहरूलाई स्पष्ट पार्न जरूरी देखिन्छ । यस विषयमा माथि मौलिक हकको कार्यान्वयन भन्ने विषय अन्तर्गत चर्चा गरिसकिएको छ ।

**भाग २५ धारा २४८. राष्ट्रिय मानव अधिकार आयोग**

वर्तमान संविधानको भाग २५ धारा २४८ मा राष्ट्रिय मानव अधिकार आयोगको ब्यवस्था गरिएको छ । धारा २४८ को उपधारा ६ (ख) मा

राष्ट्रिय मानव अधिकार आयोगका सदस्यहरूको योग्यताका सन्दर्भमा बालबालिकाको हकहितको क्षेत्रमा कार्यरत् भन्ने योग्यता उल्लेख गरे अनुसार उक्त आयोगमा तोकिएर बाल अधिकार आयुक्तको ब्यवस्था गर्न खोजिएको बुझिन्छ । तर प्रस्तावित ब्यवस्थाले बालबालिकाको हकहितको क्षेत्रमा कार्यरत भन्ने मात्र उल्लेख भएकोले उक्त ब्यक्ति बाल अधिकारका लागि तोकिएको आयुक्त नै हुनेछ भन्ने कुरा स्पष्ट नभएकोले संविधानको परिमार्जन वा राष्ट्रिय मानव अधिकार आयोग ऐन बन्ने क्रममा यस विषयलाई स्पष्ट पार्न जरूरी देखिन्छ । यस विषयलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः "बाल अधिकारको सम्मान, संरक्षण र परिपूर्ति सुनिश्चित गर्न राष्ट्रिय मानवअधिकार आयोगको संरचनामा एक स्वतन्त्र बाल अधिकार आयुक्तको व्यवस्था हुनेछ ।"

**भाग २. नागरिकता सम्बन्धी ब्यवस्था**

नेपालको संविधान, २०७२ को भाग २ मा नागरिकता सम्बन्धी ब्यवस्था गरिएको छ । संविधानको धारा ११ ले नागरिकको योग्यता तय गरिदिएको छ । प्रस्तुत ब्यवस्थाहरूलाई विश्लेषण गर्दा नेपाली एकल अविभावक वा एक्लै बसिरहेका अविभावकका सन्तानहरूले नागरिकता प्राप्त गर्न नसक्ने वा धेरै जटिलताहरू भोग्नुपर्ने देखिन्छ । तसर्थ नागरिकता सम्बन्धी ब्यवस्थालाई "नेपाली आमा वा बाबुबाट जन्मिएका ब्यक्तिहरू अन्य देशको नागरिकता नलिएको अवस्थामा नेपालको नागरिक ठहर्ने" गरी परिमार्जन गर्न आवश्यक देखिन्छ । अन्यथा अब बन्ने वा संशोधन हुने नागरिकता ऐनमा बालबालिका राज्यविहीन हुन सक्ने जोखिमबाट जोगाउन प्रभावकारी र ब्यवहारिक ब्यवस्था गर्नुपर्ने देखिन्छ ।

## ६. संवैधानिक ब्यवस्था भएको बाल अधिकारको ब्यवहारिक कार्यान्वयनका लागि अब के गर्ने ?

बाल अधिकारमा संलग्न संघ–संस्था, सञ्जाल, बाल अधिकारकर्मी, राजनीतिक ब्यक्तित्व एवं नीति निर्माता तथा सञ्चारकर्मीहरूको सामुहिक पहल र प्रयत्नबाट नेपालको संविधान, २०७२ ले बाल अधिकारका विषयबस्तुहरूलाई विगतका संविधानका तुलनामा अत्यन्तै प्रगतिशील र विस्तृत ढङ्गले सम्बोधन गरेको छ । तर, संविधानमा बाल अधिकारको ब्यवस्था भएर मात्र समग्र राष्ट्रमा बालबालिकाको जीवन र बाल अधिकारको अवस्थामा सारभूत परिवर्तन आउन सक्दैन । यसका लागि संवैधानिक प्रावधानहरूको ब्यवहारिक रूपान्तरणका कार्यहरू गर्न जरूरी हुन्छ । साथै, संविधानले सम्बोधन गर्न नसकेका र अस्पष्ट भएका विषयहरूलाई विभिन्न ऐन, नियम, ब्याख्या तथा नीति कार्यक्रमहरू मार्फत स्पष्ट गर्न पर्याप्त पहकदमीहरू हुन आवश्यक हुन्छ । यस प्रकृयामा नेपालका बाल अधिकारमा संलग्न संघ–संस्था, बाल अधिकारकर्मीहरू, सञ्जालहरू, बाल क्लब तथा तिनका सञ्जाल, सञ्चारकर्मी तथा राजनीतिक एवं नीति निर्माण र कार्यान्वयनका क्षेत्रमा संलग्न रहेका सबैको समन्वयात्मक सहकार्य, सचेतना र पैरवी कार्यहरू अगाडि बढाउन जरूरी हुन्छ ।

नेपालको संविधान, २०७२ का बालअधिकार प्रावधानहरूको ब्यवहारिक रूपान्तरण तथा छुट र अस्पष्ट भएका विषयहरूलाई सम्बोधन गराउन

आगामी दिनहरूमा गर्न सकिने केही कार्यक्रमहरूका बारेमा तल चर्चा गरिएको छ :

**क) संवैधानिक प्रावधानहरूको प्रचार-प्रसार र पालना**

संविधानका प्रावधानहरूको ब्यवहारिक कार्यान्वयनका लागि यस संविधानमा भएका बाल अधिकार सम्बन्धी प्रावधानहरूको ब्यापक प्रचार-प्रसार, सचेतना र जिम्मेवार निकायहरूलाई पालनाका लागि प्रशिक्षित गर्न सकिन्छ । यस सन्दर्भमा निम्न कार्यहरू गर्न सकिन्छ :

- संवैधानिक प्रावधानहरूको सङ्कलन र ब्याख्या सहित हाते पुस्तिकाको प्रकाशन र वितरण गर्ने ।
- संवैधानिक प्रावधानहरूको सङ्कलन र ब्याख्याको बालमैत्री संस्करणको प्रकाशन र वितरण गर्ने । यसो गर्दा अपाङ्गता भएका बालबालिकाका निमित्त ब्रेललिपि तथा ध्वनि रेकर्डिङ्गका माध्यमबाट बाल अधिकार सम्बन्धी संवैधानिक प्रावधानहरूमाथि उनीहरूको पहुँच पुऱ्याउने ।
- आमसञ्चार माध्यमहरू मार्फत् नेपालको संविधानमा भएका बाल अधिकारको प्रावधान तथा त्यसको परिपालनाका अभ्यासहरूका बारेमा प्रचार-प्रसार ।
- बाल अधिकार कार्यान्वयनका लागि जिम्मेवार निकायहरू : प्रशासन कार्यालय तथा जिल्लाका विषयगत कार्यालयहरू, सुर क्षा निकाय, न्यायिक निकाय, महिला बालबालिका कार्यालय, जिल्ला बाल कल्याण समिति, बाल अधिकारमा क्रियाशील गैससहरू, सञ्चार माध्यम, स्थानीय समिति तथा समूहहरू एवं बाल क्लबका सदस्यहरूलाई यस विषयमा अनुशिक्षण, गोष्ठी एवं प्रशिक्षणहरू सञ्चालन गर्ने ।

- बाल अधिकारसँग प्रत्यक्ष सरोकार राख्ने कार्यालय तथा गैससहरूका कार्यालयहरूमा संवैधानिक प्रावधानहरूका पोष्टर तथा बोर्डहरू सार्वजनिक जानकारीका लागि राख्ने ।

**ख) नीति नियमहरूको आवश्यक संशोधनका लागि पैरवी**

संविधानको घोषणा पश्चात् देशका विद्यामान ऐन नियम तथा निर्देशिकाहरू संविधान सम्मत् बनाउन जरूरी हुन्छ । संविधानमा नै पनि कतिपय हक, अधिकारहरूलाई कानुन बमोजिम हुनेछ भन्ने उल्लेख गरिएका कारण यस सन्दर्भमा आवश्यक कानुन निर्माण र संशोधनका कार्यहरू द्रुत गतिमा अघि बढाउनु पर्दछ । यस प्रकृयामा नागरिक समाज र सरकारका संयन्त्र तथा संसदीय समितिहरूमाफ सहकार्य गर्नु पर्दछ । यसका लागि निम्न कार्यहरू गर्न सकिन्छ :

- संशोधन गर्नुपर्ने वा नयाँ बनाउनुपर्ने ऐन नियमहरूको सूची, संशोधन गर्नुपर्ने ब्यवस्था तथा आवश्यक प्रावधानहरूका बारेमा बाल अधिकारकर्मी र स्वयं बालबालिकाहरूको तर्फबाट आवश्यक सुझाव उपलब्ध गराउने ।
- संशोधन तथा नयाँ ऐन मस्यौदाका क्रममा सम्बन्धित मन्त्रालय तथा निकायसँग निकट रही सहकार्य गर्ने ।
- संसदमा पेश भएका विभिन्न ऐन, नियमका संशोधन तथा मस्यौदा ऐन नियमहरूले बाल अधिकारका बारेमा गरेका ब्यवस्थाहरूको सचेततापूर्वक अनुगमन तथा समयमै सामूहिक सुझावहरू पेश गर्ने ।
- आवश्यकता अनुसार राजनीतिक दल, सरकारका प्रतिनिधि तथा संसदका संरचनाहरूमा पैरवीका लागि विचार गोष्ठी, सम्मेलन एवं प्रतिनिधिमण्डल भेटघाटका कार्यहरू गर्ने ।

## ग) प्रदेशमा बाल अधिकारको ब्यवस्थापन

नेपालको संविधान, २०७२ को घोषणासँगै एकात्मक राज्यप्रणालीमा रहेको नेपाल संघीय ब्यवस्थाको ब्यवहारिक कार्यान्वयनमा अगाडि बढेको छ । संघीय शासन प्रणालीमा प्रदेशसभा तथा राज्यहरूले केही विषय बाहेक अधिकांश विषय तथा क्षेत्रमा स्वायत्त ढंगले नीतिगत एवं संरचनागत ब्यवस्थाहरू गर्न अधिकार प्राप्त हुन्छन् । नेपालका नयाँ प्रदेशहरूमा बाल अधिकारको नीतिगत, संरचनागत एवं कार्यक्रमिक ब्यवस्थाहरूको सुनिश्चितताबाट मात्रै बाल अधिकारको संवैधानिक प्रावधानहरूको पूर्ण रूपमा ब्यवहारिक कार्यान्वयन सम्भव हुन्छ । तसर्थ प्रदेश ब्यवस्थापन तथा शासन प्रणालीमा बाल अधिकार सुनिश्चित गर्न नागरिक समाज तथा अधिकारकर्मीहरूको महत्वपूर्ण भूमिका रहन्छ । यसका लागि निम्न कार्यहरू गर्न सकिन्छः

- प्रदेशसभाको निर्वाचनका क्रममा राजनीतिक दलहरूमाझ बाल अधिकारको सम्मान र संरक्षणका लागि प्रतिबद्धता लिने ।
- प्रदेशसभा मार्फत् निर्माण गरिने प्रदेश सञ्चालन सम्बन्धी नीति नियमका सन्दर्भमा बाल अधिकारको संयन्त्र, नीति, नियम एवं कार्यक्रमहरू तर्जुमाका लागि प्रदेशसभा, तोकिएको कार्यपालिका संयन्त्र एवं प्रदेशसभा समितिहरूसँग निकट सहकार्य गर्ने ।
- सम्बन्धित प्रदेशमा रहेका बाल क्लब र तिनका सञ्जालहरू, बाल अधिकार सम्बन्धी गैसस तथा बाल अधिकारकर्मीहरूको विभिन्न सामूहिक पैरवीका कार्यक्रमहरू सञ्चालन गर्ने ।

## घ) बाल अधिकार अनुगमन र प्रतिवेदन

संवैधानिक तथा कानुनी रूपमा सुनिश्चित गरिएका बालबालिकाको अधिकार सम्बन्धी ब्यवस्थाहरूको ब्यवहारिक कार्यान्वयन के कस्तो

रहेको छ भनी अनुगमन गर्ने, कार्यान्वयनमा देखिएका समस्याहरू पहिचान गर्ने तथा समस्याहरू समाधान गर्न सम्बन्धित निकायसँग आवश्यक समन्वय एवं पैरवी गर्ने कार्यमा बाल अधिकारसँग सम्बन्धित नागरिक सङ्गठन एवं बाल अधिकारकर्मीहरू तथा स्वयं बालबालिकाहरू पनि सकृय र सचेत ढङ्गले लाग्नुपर्दछ । यसका लागि नियमित बाल अधिकार अनुगमन र प्रतिवेदन एक प्रभावकारी तरिका हो :

- संघीय एवं प्रदेशका शासनप्रणाली तथा नीति नियमहरूले बाल अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्ने ब्यवस्था गरेका छन् कि छैनन्, राज्यका निकायहरू, निजी क्षेत्र तथा नागरिक सङ्गठनहरूको अभ्यास के कस्तो रहेको छ भनी नियमित रूपमा अनुगमनका कार्यहरू गर्ने ।
- बाल अधिकार अनुगमन तथा प्रतिवेदन कार्यका लागि संघीय एवं प्रदेशस्तरमा सञ्जालहरू खडा गर्ने र परिचालन गर्ने ।
- बाल अधिकार अनुगमनबाट आएका सुझावहरू कार्यान्वयनका लागि सम्बन्धित निकाय तथा संघीय संसद एवं प्रदेशसभामा आवश्यक पैरवी तथ लबिंग गर्ने ।

### ङ) संसदीय समितिसँगको सहकार्य

बाल अधिकारका संवैधानिक प्रावधानहरूको ब्यवहारिक कार्यान्वयन गर्ने कार्यमा संसदीय समितिहरू एक महत्वपूर्ण संयन्त्रहरू हुन् । नेपालको संविधान, २०७२ ले संघीय संसद, राज्यसभा तथा प्रदेशसभा सबैमा संसदीय समितिको परिकल्पना गरेको छ । यसरी गठन हुने संसदीय समितिमा बाल अधिकार समिति पनि हुनुपर्ने ब्यवस्थाका लागि ब्यापक पैरवीका कार्यहरू गर्न जरूरी हुन्छ । संसदीय समितिहरूले राज्यका मस्यौदा नीति नियमहरू, कार्यक्रमहरू बाल अधिकारसम्मत् छन् कि

छैनन् तथा ती नीति तथा कार्यक्रमहरूको व्यवहारिक कार्यान्वयनको अवस्था कस्तो छ भनी जाँच गर्ने, सम्बन्धित निकायसँग जवाफ माग्ने र आवश्यकताा अनुसार नयाँ नीति नियम वा संशोधनका प्रस्तावहरू समेत लैजान सक्दछन् । तसर्थ आगामी दिनमा संघीय संसद तथा प्रदेशसभा दुवैमा बाल अधिकारसँग सम्बन्धित संसदीय समिति गठन गर्न र ती समितिहरूसँग नियमित सहकार्य तथा पैरवीका कार्यहरू गर्न योजनाबद्ध, समन्वयात्मक र सामूहिक ढंगले बाल अधिकारकर्मीहरू संलग्न हुन सक्दछन् ।